# ललितपुर उपमहानगरपालीकाको आ.व. ०७२/७३ को दोश्रो चौमासीक सार्वजनिक सुनुवाई

## प्रतिबेदन

ललितपुर उपमहानगरपालिकाले आ.व.०७२/०७३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाइको कार्यक्रम सञ्चालन गर्नका लागि सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ ले ब्यवस्था गरे अनुसार कार्यक्रम सञ्चालन गर्नका लागि एकिकृत समाज बिकास नेपालसंग प्राविधिक सहयोगका लागि सम्झौता गरेको थियो। उक्त कार्यक्रम २०७२ साल फागुन ३० गते ललितपृर उपमहानगरपालिकाको १६ नम्बर वडाको नागवहालमा सम्पन्न भएको थियो सो कार्यक्रममा २५८ जनाको सहभागिता थियो । कार्यक्रममा नगरपालिकाको सेवा सुविधाका बारेमा जिज्ञासा एवम पृष्ठपोषणका लागि ३४ जना सहभागिले कार्यक्रममा नगरपालिकाको फोहरमैला व्यवस्थापन, सार्वजनिक सुनुवाई कार्यक्रममा न्युन उपस्थिती,बाटो बिस्तार, मठमन्दिर, पोखरी, तलाउ, सांस्कृतिक धरोहरका महत्वपुर्ण स्थलहरु, महिला स्वयंसेविकाको मासिक भत्ता, भुकम्प बाट क्षतीग्रस्त शहरको पुर्ननिर्माण, सार्वजनिक जग्गा अतिक्रमण,स्थानीय निकायमा कार्यबोझ भएकोले कर्मचारी थप लगायत  विभिन्न जिज्ञासाहरु उठेका थिए । त्यसैगरि स्थानिय स्तरका सेवाग्राहिहरुको सहभागितात्मक पद्दति अनुसार गरिएको सर्वेक्षणको नतिजाको आधारमा प्राप्त सुझाव तथा गुनासोको कार्यान्वयन गर्ने प्रतिवद्धता सम्बन्धित शाखा, महाशाखा तथा कार्यकारी अधिकृत श्री भरतमणी पाण्डेज्यु बाट भएको थियो । उक्त कार्यक्रम एकिकृत समाज बिकास नेपाल (USD-Nepal) को सहजिकरणमा सम्पन्न भएको थियो ।

**सहभागीताको विवरण:**

| क्र.सं | स्थान | मिति | सहभागी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | **महिला** | **पुरुष** | **जम्मा** | |
| १. | ललितपुर उपमनपा वडा नं. १६, नागबहाल | २०७२।११।३०<br>११ देखी ३ बजेसम्म | १०५ | १५३ | २५८ | आयोजक :<br>ललितपुर उपमनपा<br>सहजकर्ता :एकिकृत समाज विकास नेपाल |

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि, २०६७ को परिच्छेद १ को धारा १.३ (म) बमोजिम सेवाग्राहीहरुसँग बहिर्गमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) को आधारमा रहेर सर्वेक्षण गरिएको थियो । सो सर्वेक्षण प्रतिवेदन यसप्रकार रहेको छ ।

# बहिर्गमन अभिमत (Exit Poll)

**भुमिका,**

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि, २०६७ को परिच्छेद १ को धारा १.३ (म) बमोजिम "सार्वजनिक सुनुवाई भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका स्थानीय निकायका पदाधिकारीहरु बिच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा खुल्ला छलफल गर्ने प्रक्रियालाई जनाउँदछ । यस अर्न्तगत उक्त धाराको उपधारा (ल) बमोजिम। बर्हिगगन अभिमत (Exit Poll) भन्नाले नागरिक बडापत्रद्वारा गरिएका बाचा बमोजिम सेवाग्राहीले सेवा सुविधाको प्राप्ती पछि कार्यालयबाट बाहिर निस्किने समयमा त्यस्तो सेवा सुविधाको विषयमा लेखी वा लेखाई दिएको अभिमत वा सुझावलाई जनाउँदछ । यसै कार्यविधिको धारा तथा उपधाराको आधारमा सेवाग्राहीहरुसँग बहिर्गमन अभिमत (Exit Poll) सर्वेक्षण गरिएको थियो ।

**१. बहिर्गमन अभिमत (Exit Poll) सर्वेक्षण गरिएका सेवाग्राहीको विवरण :**

| **लिङ्ग** | | | **जातीगत विवरण** | | | **उमेर** | | **शिक्षा** | | **कार्यालय आईपुग्ने समय** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | जम्मा संख्या | बाम्हण /क्षेत्री | जनजाती | दलित | १५ देखि ५९ | ६० देखि माथि | साधारण | उच्च | ०५ - ३० मि. | ३०-६० मि. | |
| **३१** | **६१** | **९२** | **२६** | **६३** | **३** | **८०** | **११** | **३५** | **५६** | **७३** | **१९** | |

| **२ कामको विवरण** | संख्या | कैफियत |
|---|---|---|
| क) सिफारिस लिन/पुऱ्याउन | ४७ | |
| ख) दर्ता/नवीकरण | १४ | |
| ग) आर्थिक सहयोग लिन | ५ | |
| घ) योजना माग गर्न | ४ | |
| ङ) योजनाको किस्ता लिन | ० | |
| च) योजनाको मूल्याङ्कन गराउन | ० | |
| छ) योजनाको अन्तिम भुक्तानी लिन | ० | |
| ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न | ३ | |
| झ) सूचनामूलक सामग्री प्राप्त गर्न | १ | |
| ञ) अन्य कुनै भए (मालपोत । कर) | २३ | |
| जम्मा | ९७ | |

**नोटः सेवाग्राहि एकपटक कार्यालयमा आउँदा ३,४ वटा सम्म सेवा लिने गरेको पाइयो।**

## ४. सवल पक्षहरु

- आवश्यक कागजपत्र पुऱ्याएर सेवा लिन वडा कार्यालयमा पुग्दा सजिलै काम भएको ।
- सेवाका लिनका लागी आवश्यक परामर्श दिएको वडा नं. ८ ।
- कर्मचारीको व्यवहार मिलनसार रहेको  वडा नं. ७, १६ ।
- विद्युतिय उपकरण नभएपनि सेवासुविधा समयमै उपलब्ध गराएको वडा नं. ७ ।
- सार्वजनिक सुचनाहरु समयमानै सम्प्रेषण भएको वडा नं. ९ ।
- कार्यालय समयमा कर्मचारी कार्यालयमा रहने गरेको वडा नं. ९ ।
- कार्यालय सफा राख्ने गरेको वडा नं. १ ।
- आर्थिक स्थिति कमजोर भएकालाई सहयोग गरेको वडा नं. ३ ।
- Waiting Room को व्यवस्था भएको वडा नं.४ र १३ ।

## ५. सुधार गर्नु पर्ने विषयहरु तथा सुझावहरुः

- वडा कार्यालयहरु सफा गर्नुपर्ने ।
- वडा कार्यालयहरुमा जनशक्तिको कमीले गर्दा काममा ढिलाई भएको ।
- वडा कार्यालयमा कम्प्युटर नहुँदा हस्तलेखनबाटै काम चलाउनु पर्दा काममा ढिलाई भएको ।
- लोडसेडिङको समस्याले गर्दा सेवाग्राहीलाई मर्का परेको, बैकल्पिक उर्जाको व्यवस्था गर्नुपर्ने ।
- वडा कार्यालयबाटनै कर तिर्ने व्यवस्था गर्नुपर्ने ।
- वडा कार्यालयको भवन सानो भएको ।
- वडा कार्यालयमा बडापत्र च्यातिएको अवस्थामा भएको ।
- उपमहानगरपालिकामा सम्बन्धित शाखामा कर्मचारी कम बस्ने गरेको, जसका कारण काममा ढिला सुस्ती बढेको
- वडा कार्यालयहरु समयमा नखोलेको ।
- सामुदायिक स्वास्थ्य संस्थामा औषधी प्रयाप्त नभएको ।
- कार्यालयको साइनबोर्ड  च्यातीएको र मेटिको हुनाले नयाँ बनाउनु पने । वडा नं. ६ को कार्यालय यहाँ छ भन्ने स्पस्ट साइनबोर्ड नभएको ।
- वडा ६ को कार्यालय वरिपरि फोहोरमैला व्यवस्थापन नहुदा दुर्गन्ध फैलिएको ।
- सामुदायिक संस्वास्थ केन्द्रमा थाइराइडको औषधी कम मुल्यमा उपलब्भ गराउनु पर्ने ।
- विशेषज्ञ चिकिस्कबाट सामुदायिक स्वास्य केन्द्रमा उपचारको व्यवस्था मिलाइनुपर्ने ।

- सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाट उपलब्ध गराउनु पर्ने ।
- प्रिन्टर, फोटकपी मेसिन वडा कार्यालयमा व्यवस्था भएको भए काममा ढिला सुस्ती हुने थिएन ।
- सामुदायिक स्वास्थ्य केन्द्रमा औषधी भण्डारण गर्ने राम्रो व्यवस्था हुनुपर्ने ।

## नागरिक प्रतिवेदन पत्र

### भुमिका,

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ को परिच्छेद १ को धारा १.३ (म) बमोजिम " सार्वजनिक सुनुवाई भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका स्थानीय निकायका पदाधिकारीहरु बिच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा खुल्ला छलफल गर्ने प्रक्रियालाई जनाउँदछ । यस अर्न्तगत उक्त धाराको उप-धारा (व) बमोजिम नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राही नागरिकले सार्वजनिक सेवा प्रदायक संस्थाहरुवाट सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी सेवा प्रदायक संस्थालाई पृष्ठपोषण गर्ने पद्धतिलाई जनाउँछ ।

यसै कार्यविधिको धारा तथा उपधाराको आधारमा सेवाग्राहीसँग नागरिक प्रतिवेदन पत्र तयार गरिएको थियो ।

### १ सेवागग्राहीको विवरण :

| लिङ्ग | | | जात | | | उमेर | | शिक्षा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | जम्मा संख्या | बाम्हण /क्षेत्री | जनजाती | द्यलित | १५ देखि ५९ सम्म | ६० देखि माथि | साधारण | उच्च | |
| ४३ | ७४ | ११७ | ३२ | ७६ | ९ | ८९ | २८ | ५४ | ६३ | |

### अध्ययनका क्रममा देखिएका विषयहरु

- नागरिक बडापत्रबारे सेवाग्राहीलाई जानकारी नभएको र भए पनि कम मात्रले उपयोग गर्ने गरेको ।
- कार्यालयमा भएका कर्मचारीहरुमा नयाँ प्रविधि सम्बन्धि सीपको कमी रहेको ।
- उपभोक्ता समितिहरुलाई कार्य सम्पन्न पश्चात भुक्तानी गर्ने प्रावधानले गर्दा कार्य गर्न नसक्ने अवस्था भएको ।
- न.पा.को आम्दानी र खर्च बाहिर सुचना पाटिमा टाँस नगरेको ।
- स्थानीय निकायहरुमा कर्मचारी संख्यामा कमीले गर्दा कार्यबोझ बढि भएको ।

## नागरिक प्रतिवेदन पत्र मार्फत सेवा प्रदायकलाई दिईएको सुझावहरु

- नागरिक बडापत्रमा व्यवस्था भएअनुसारको सेवा लिदा एकै कामका लागी बारम्बार कार्यालय धाइरहनु परेको ।
- सानो कामको निमित्त पनि भनसुनको आधारमा मात्रै काम हुने गरेको ।
- सर्जीमीन र मुचुल्का उठाउदा ढिला सुस्ती हुने गरेको ।
- लक्षित वर्गको कार्यक्रमहरु वास्तविक वर्गसमक्ष कमै मात्र पुग्ने गरेको ।
- उपभोक्ता समितिहरु गठन गर्दा सम्बन्धित वडाबासीहरुलाई जानकारी नगराइएको ।
- कार्यक्रम तथा भौतिक निमार्ण सम्बन्धि आयोजना सञ्चालन गर्दा विस्तृत विवरण र आर्थिक विवरण सहितको होर्डिङ बोर्डहरु नराखेको ।
- सेवाग्राही र लक्षित वर्गलाई आर्थिक पारदर्शीता नगराएको ।
- आम्दानी र खर्चको विवरण सार्वजनिक नगरेको ।
- आयोजनाको सार्वजनिक परिक्षण सम्बन्धित सेवा ग्राहीलाई कमै मात्र जानकारी गर्ने गरेको ।
- ढल निकासको राम्रो व्यवस्था नभएको ।
- समय तालिका अनुसार खाने पानी वितरण कमै मात्र भईरहेको ।
- अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ढिलाई भएको ।
- योजना सञ्चालन गर्दा नगरपालिकाबाट समयमै प्राविधिक सेवा नपाएको ।
- वडा कार्यालयका कर्मचारीहरुमा कम्प्युटर सम्बन्धि ज्ञान कम भएको ।
- वडा कार्यालयमा श्रोत र साधन कम भएको ।
- वडा कार्यालयहरु बालमैत्री र अपाङ्गमैत्रि नभएको ।
- राजस्व संकलनमा कडाई गरी दण्ड र जरिवानाको व्यवस्था गर्नुपर्ने ।
- नगर क्षेत्रभित्र फोहोर नियमित संकलन तथा व्यवस्थापन गर्नुपर्ने ।
- सामुदायिक स्वास्थ्य केन्द्रहरुमा नियमित कर्मचारी बस्ने व्यवस्था मिलाउनु पर्ने ।
- स्थानीय निकायको आचार संहिता पालना कमै मात्र हुने गरेको ।
- सेवा लिन आउँदा सेवाग्राहीलाई आवश्यक पर्ने कागजातहरु र प्रक्रियाको बारेमा जानकारी दिनुपर्ने।
- Help Desk को व्यवस्था गरिनु पर्ने ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीले राखेका जिज्ञासा तथा सुझावहरु

| क्र.सं. | प्रश्नकर्ताको नाम | सुझाव तथा जिज्ञासाहरु |
|---|---|---|
| १ | राजु जोशी वनाम संयोजक | • उपस्थितिको कमि प्रचार प्रसार नगरि झारा टार्न गरेको<br>• न. पा. ले कर मात्र तिने तर सविधा नदिने । |
| २ | अशोक श्रेष्ठ पूर्णचण्डि टोल सुधार अध्यक्ष | • सार्वजनिक सम्पति न.पा. को हो भने त्यसको मर्मत सम्भार कस्ले गर्ने?<br>• न.पा ले अधुरो काम गरेर बजेट पचाउने काम मात्र हो? |
| ३ | निर बहादुर शाक्य | • मापदण्ड अनुसार आफुले काम गरेपनि नजिकैको अर्काले विपरित काम छ भने?<br>• स्मारक क्षेत्रमा भवन निमार्ण गर्ने |
| ४ | सुरेन्द्र गोविन्द जोशी १६ वडाको WCF संयोजक | • बजेट विनियोजन राम्रो छ, आ.व. ०७२/७३ मा तर वडाको बजेट १० लाख छ, यसरि वडाको विकास कसरि गर्ने?<br>• न.पा मा चिनेजानेका व्यक्ति वा file लिएर हिडेको भरमा काम बन्ने सबैको काम नहुने हुन्छ ।<br>• सार्वजनिक परिक्षण योजनाको गर्नुपर्छ भन्छ तर सञ्चालन गरेको पाईदैन ।<br>• Lab test को व्यवस्था हुनुपर्ने ।<br>• जिल्ला र केन्द्रको योजना थाहा भएन?<br>• नमुना वडा निमार्णमा न.पा ले सहयोग गनुपर्ने । |
| ५ | पुनम के. सी. वडा नं ५ wcf member | • लक्षित वर्गको ७२ लाख बजेट कसरि खर्च गर्ने ?<br>• २२ वडामा clinic छ भन्नुभयो तर त्यसमा सुविधा,औषधिको अभाव छ त्यसको व्यबस्था गनुपर्ने? |
| ६ | विकासमान श्रेष्ठः वडा नं ५ wcf संयोजक | • सम्पदा संरक्षण पोखरी<br>• सबैतिर कर उठाउने तर सुविधा छैन । |
| ७ | सुदर्शन शाक्य | • लक्षित वर्गको कार्यक्रममा युवा लक्षित कार्यक्रम नगरपरिषद छनौट भएपनि अहिलेसम्म कुनै निति नभएका ?<br>• कार्यक्रम लिन जाँदा ३ ४ पटक धाउनुपर्ने ? |
| ८ | उषा बज्राचार्य वडा १६ | • बजार व्यबस्थापन जावलाखेल,लगनखेल मात्र हो की ?<br>• १६ स्थित धपागाल बजार व्यवस्थापनका लागि न.पा जाँदा बिभिन्न महाशाखामा यसले गर्छ र उसले गर्छ भनेर पठाउँछन् ।<br>• महिला लक्षित कार्यक्रमको व्यवस्था के छ ?<br>• इलाका गोष्ठिको सुचना खबर पुग्दैन,यसको सुधार गर्नुपर्छ । |

| | | |
|---|---|---|
| | | • लक्षित वर्गका लागि छुट्याइएको कार्यक्रम र स्थानियको चाहनासँग मेल खाने हुदैन,यसको के व्यबस्था छ ? |
| ९ | राजेश महर्जन<br>(पत्रकार, राजधानी दैनिक) | • स्थानिय पत्रकारको प्रवर्धन गर्ने रणनिति अनुसार ३ महिनामा पत्रिका सुचना प्रवाह गर्ने कार्य भएन । |
| १० | सुनिता मर्हजन २२ वडा बासी | • शुसासन राख्ने पद्धतिअनुसार शाखा, महाशाखा प्रमुखहरुको निर्णय लिन सक्ने नसक्नेले गर्दा कार्यमा असुविधा । |
| ११ | शोभा जोशी वडा १६ | • नक्सापास गर्न कति समय लाग्छ ? |
| १२ | केशरी तण्डुकार वडा १८ | • महिला समुहहरुलाई निरन्तरता दिन के व्यबस्था कदम चाल्नु भएको छ ?<br>• राजकुलोलाई बाटो बनाउनाले सबैतिर इनार,कुवा,पोखरी सुक्यो,यस्को व्यवस्था के छ ? |
| १३ | सरिता श्रेष्ठ १८, ऋषि श्रेष्ठ वडा १६ | • फोहोर व्यबस्थापन कसरि? |
| १४ | निसान प्रधान वडा १९ | • सार्वजनिक स्थानमा शौचालयको व्यवस्था गर्न सकिन्छ की सकिदैन ? |
| १५ | बुद्ध राज | • कलाकारिताको क्षेत्रमा न.पा को के व्यवस्था छ ? |
| १६ | प्रविन बानियाँ | • भू माफियाको व्यवस्था ?<br>• GNP को program बारे ? |
| १७ | लक्ष्मी शाक्य वडा २२ | • पानि सम्बन्धि नीति व्यवस्था के छ ? |
| १८ | ज्ञान बहादुर शाक्य | • सम्पदा संरक्षण,सम्बन्धित नीतिगन व्यबस्था कस्तो छ?<br>• सबैलाई करको दायरा समान हुनुपर्छ,त्यस्को व्यवस्था के छ ?<br>• भुकम्प पिडिताको घर निर्माण सम्बन्धि के व्यवस्था रहेको छ ? |

## सार्वजनिक सुनुवाई कार्यक्रममा आएका गुनासो तथा सुझाव सम्बोधन गर्न गरिएका प्रतिबद्धताहरु

| सुझाव तथा जिज्ञासाहरु | सम्बोधन गर्न गरिएका प्रतिबद्धताहरु |
|---|---|
| | **सम्बन्धित शाखा, महाशाखा र कार्यकारी अधिकृतज्युबाट सम्बोधन गरीएका प्रतिवद्दताहरु** |
| • उपस्थितिको कमि प्रचार प्रसार नगरि झारा टार्न गरेको<br>• न. पा. ले कर मात्र लिने तर सविधा नदिने । | • अघिल्लो आ.व. हरुमा सार्वजनिक सुनुवाई नपाको कार्यालयमा मात्रै गर्ने गरिएकोमा यस आव देखी नपाका क्षेत्रका पायक पर्ने स्थानहरुमा सार्वजनिक सुनुवाई गर्ने गरिएको छ । आजको सार्वजनिक सुनुवाईमा २५८ जनाको सहभागीता रहेको जानकारी गराउन चाहन्छु आगामी सार्वजनिक सुनुवाईमा बढिभन्दा बढि उपस्थिती गराउने प्रतिवद्धता ब्यक्त गर्दछु ।<br>• नपाले नगर क्षेत्रभित्र करको दायरा फराकीलो पार्दै सेवासुविधामा छुट दिने गरेको छ जस्तैः समयमा कर तिर्नेहरुलाई पुरस्कारको ब्यवस्था गरी पिछडिएका वर्गलाई करमा छुट र स्वास्थ्योपचार र शिक्षाको लागी विशेष ब्यवस्था गरेको छ । |
| • सार्वजनिक सम्पति न.पा. को हो भने त्यसको मर्मत सम्भार कस्ले गर्ने?<br>• न.पा ले अधुरो काम गरेर बजेट पचाउने काम मात्र हो? | • यस नपा क्षेत्रमा अवस्थितद सांस्कृतिक सम्पदा तथा धरोहरहरु हामीहरुका अमुल्य गहना हुन् मर्मतसम्भा यसको निर्माण तथा मर्मतसम्भारका लागी नपामा सम्पदा तथा संस्कृति केन्द्र स्थापना गरिएको छ उक्त केन्द्रमार्फत निर्माण तथा मर्मतसम्भारका कार्य हुदै आईरहेको छ । २०७२ साल बैशाखको भुकम्पले ति सम्पदाहरुमा क्षति पुगेकाले निर्मााण तथा मर्मतसम्भार गर्न केही ढिलाई भएको हो नपा तथा विकास साझेदारहरुसंग पुनःनिर्माणका लागी सम्झौता गर्ने काम सुरु भएको छ ।<br>• नपाले गत आवको क्रमागत योजनाहरु यस आवमा पनि निरन्तरता दिएको छ । कहिकतै कुनैपनि समुदाय वा ब्यक्तिविशेषलाई ब्यक्तिगत स्वार्थको निमित्त बजेट उपलब्ध गराउने, कागजमा मात्रै योजना सिमित गराउने गरेको छैन का.स.मुको आधारमा मात्र भुक्तानी दिने ब्यवस्था मिलाएकाले अधुरो काम हुने गरेको छैन यदि त्यस्ता कार्यक्रम हुने गरेको यहाँहरुलाई जानकारी भएमा कार्यालयमा जानकारी गराउन हुन हामी हार्दीक अनुरोध गर्दछौं हजुरहरुको सुचनाको आधारमा सम्बन्धित योजनाको अनुसन्धान गरी आवश्यक कारबाही अगाडी बढाउदछौं । |

| | |
|---|---|
| • मापदण्ड अनुसार आफुले काम गरेपनि नजिकैको अर्काले विपरित काम गरेको पाईन्छ | • मापदण्ड अनुसार काम नभएको कार्यक्रम तथा योजनाहरु र भवननिर्माण भएको छ भने नपाले त्यस्को निगरानी कडाईका साथ गर्छ स्थानिय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ र राष्ट्रिय भवन निर्माण आचारसंहीताका आधारमा मापदण्डविपरीत काम गरेको पाईएमा हदैसम्मको कारवाही हुने यहाँहरुलाई जानकारी गराउदछौं । |
| • बजेट विनियोजन राम्रो छ, आ.व. ०७२/७३ मा तर वडाको बजेट १० लाख छ, यसरि वडाको विकास कसरि गर्ने?<br>• न.पा मा चिनेजानेका व्यक्ति वा file लिएर हिडेको भरमा काम बन्ने सबैको काम नहुने हुन्छ ।<br>• सार्वजनिक परिक्षण योजनाको गर्नुपर्छ भन्छ तर सञ्चालन गरेको पाईदैन ।<br>• Lab test को व्यवस्था हुनुपर्ने ।<br>• जिल्ला र केन्द्रको योजना थाहा भएन?<br>• नमुना वडा निमार्णमा न.पा ले सहयोग गनुपर्ने । | • नेपाल सरकारबाट प्राप्त भएको अनुदान तथा स्थानिय करबाट उपलब्ध भएको रकमबाट आ.व. ०७१/७२ को निती तथा कार्यक्रम सार्वजनिक भएअनुसार प्रत्येक वडाका निमित्त १० लाख विनियोजन गरीएकोले उक्त रकमबाट नै वडाका महत्वपुर्ण योजनाहरु सञ्चालन गर्नुपर्ने बाध्यात्मक परिस्थिती रहेको जानकारी गराउदछु<br>• नपाले चिनेजानेका ब्यक्ति अथवा भनसुनका भरमा योजना छनौट गर्ने तथा काम गर्ने ब्यवस्था भएको हामीलाई जानकारी छैन जस्तै आ.व. ०७२/७३ मा सञ्चालनमा आएका कार्यक्रम तथा योजनाहरु ०७१/७२ को नगर परिषदबाट नै पास भएकोले त्यसपछी योजना थप्ने तथा ब्यक्तिविशेषलाई कार्यक्रम दिनेगरीएको छैन ।<br>• स्थानिय स्वायत्त शासन ऐन २०५५ मा ब्यवस्था भएअनुसार प्रत्येक योजना तथा कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक परिक्षण गर्नुपर्ने ब्यवस्था भएबमोजिम आ.व. ०७१/७२ देखी आयोजना वा कार्यक्रम स्थलमा सम्बन्धित सेवाग्राही लक्षित वर्ग वा लाभग्राहीको उपस्थितीमा अनिवार्य सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने यदि नगरेको खण्डमा योजना फरफारक गर्ने गरिएको छैन ।<br>• जिल्ला तथा केन्द्रको योजनाहरु नगरबासीहरुलाई जानकारी गराउने उद्देश्यले प्रत्येक आ.व.को निति तथा कार्यक्रम र योजनाहरुको पुस्तिका बनाई प्रत्येक वडामा उपलब्ध गराउने गरिएको छ सम्पुर्ण नगरबासी दाजुभाई दिदीबैनी हरुलाई आआफ्नो वडाको निति, कार्यक्रमतथा योजनाहरुको बारेमा जानकारी लिन सम्बन्धित वडाको वडाकार्यालय संग समन्वय गर्नुहुन अनुरोध गर्दछु ।<br>• नपाले आर्थीक, सामाजिक र सांस्कृतिक महत्वका स्थलहरु रहेका सबै वडाहरु नमुना वडा बनाउने कार्य सुरुवात गरेको छ प्रारम्भिक चरणमा नमुना वडा गठन गर्नका निमित्त बाटो, खानेपानी, ई. लाईब्रेरी, बालमैत्री वडा घोषणा, महिला |

| | |
|---|---|
| | हिंसामुक्त वडा घोषणा, खुल्ला दिशामुक्त क्षेत्र घोषणा, प्लाष्टिक मुक्त क्षेत्र घोषणा, बैकल्पिक उर्जाको ब्यवस्था, फोहोरमैला ब्यवस्थापन जस्ता कार्य नपाले गर्दै आईरहेको छ । |
| • लक्षित वर्गको ७२ लाख बजेट कसरि खर्च गर्ने ?<br>• २२ वडामा clinic छ भन्नुभयो तर त्यसमा सुविधा,औषधिको अभाव छ त्यसको व्यबस्था गनुपर्ने? | • आ.व. ०७२/७३ का लागी आ.व. ०७१/७२ मा पारीत भएको लक्षित वर्गका कार्यक्रमहरु नपाको सामुदायिक शाखाले सञ्चालन गर्दै आईरहेको छ । आगामी आ.व. देखी उक्त कार्यक्रम सम्बन्धित लक्षित वर्गलाई नै रकम उपलब्ध गराएर कार्यक्रम सञ्चालन गर्ने निति लिएको छ ।<br>• वडा नं. २२ मा रहेको सामुदायिक स्वास्थ्य क्लिनीक बाट नियमीत स्वास्थ्य सेवा उपलब्ध हुदै आएको छ हालैको नाकाबन्दिका कारणले औषधी केही अभाव हुन गएको हो हाल सामुदायिक स्वास्थ्य केन्द्रहरुमा पर्याप्त मात्रामा औषधीहरु रहेकोछ । यदी कुनैपनि स्वास्थ्य केन्द्रहरुमा औषधी नपुगेको भए जानकारी गराउनुहोला हामी तुरुन्त औषधी उपलब्ध गराउने ब्यवस्था मिलाउने छौं । |
| • सम्पदा संरक्षण  र पोखरी संरक्षणमा खासै ध्यान गएन ।<br>• सबैतिर कर उठाउने तर सुविधा छैन । | • आ.व. ०७३/७४ को वार्षीक कार्यक्रममा पोखरी संरक्षणका लागी बजेट छुट्याईएको छ यस आ.व.मा पनि पोखरीहरु संरक्षण गर्नको निमित्त बजेट छुट्याइएको छ तर सिमीत बजेटले मात्रै नपा क्षेत्रका धार्मीक तथा ऐतीहासीक महत्वका पोखरीहरु संरक्षण एवं निर्माण गर्न अपुग हुने भएकोले प्राथामिकताका आधारमा त्यस्ता पोखरीहरु निर्माण गर्ने लक्ष्य लिएका छौं । यसका लागी विश्वसम्पदा सुचि, युनेस्को र विकास साझेदारहरुसंग संरक्षण एवं निर्माणको निमित्त सहकार्य गर्ने निर्णय गरेका छौं । |
| • लक्षित वर्गको कार्यक्रममा युवा लक्षित कार्यक्रम नगरपरिषद् बाट छनौट भएपनि अहिलेसम्म कुनै कार्यक्रम भएका छैनन्<br>• कार्यक्रम लिन जाँदा ३ ४ पटक धाउनुपर्ने ? | • नगरपरिषद्बाट छनौट भएका युवालक्षित कार्यक्रमहरु नपाको सामाजिक विकास शाखाले सञ्चालन गर्दै आईरहेको छ । कार्यक्रममा सहभागी हुनका लागी वडाकार्यालय हरुमार्फत सम्बन्धित युवाहरुलाई जानकारी गराईएको छ ।<br>• आवश्यक कागजपत्र र प्रक्रियाहरु पुर्याएर कार्यक्रम वा योजना सम्झौता गर्न आउनहुन हामी अनुरोध गर्दछौं । प्रक्रिया पुगेर आएका कार्यक्रम तथा योजना हामी १ दिनमा नै सम्झौता गर्ने गर्दछौं, यदि उक्त कार्यक्रम बार्षीक निति तथा कार्यक्रममा समावेश भएको भए । प्रक्रिया नपुर्याई योजना माग गर्न आउने र नपाको वार्षिक निती तथा कार्यक्रममा नपरेका योजनाहरु माग गर्न समुह वा ब्यक्ति जतिपटक |

| | |
|---|---|
| | धाउदा पनि कार्यक्रम सम्झौता हुन नसक्ने जानकारी गराउदछौं । |
| • बजार ब्यबस्थापन जावलाखेल,लगनखेल मात्र हो की ?१६ स्थित धपागाल बजार व्यवस्थापनका लागि न.पा जाँदा बिभिन्न महाशाखामा यसले गर्छ र उसले गर्छ भनेर पठाउँछन् ।<br>• महिला लक्षित कार्यक्रमको ब्यवस्था के छ ?<br>• इलाका गोष्ठिको सुचना खबर पुग्दैन,यसको सुधार गर्नुपर्छ ।<br>• लक्षित वर्गका लागि छुट्याइएको कार्यक्रम र स्थानियको चाहनासँग मेल खाने हुदैन,यसको के ब्यबस्था छ ? | • नपाको बजार ब्यवस्थापन नगरभित्रका सम्पुर्ण क्षेत्रहरुमा गर्ने प्रयास भएको छ, लगनखेल र जावलाखेल नगरवासीहरुको अत्याधीक चाप हुने क्षेत्र हो त्यसैले नपाले नमुनाका रुपमा यि २ स्थानमा सुरुवाती बजार ब्यवस्थापन गरेका हौं अब क्रमश सातदोबाटो, ग्वार्को, कुम्भेश्वर, मंगलबजार, धपागाल, धापाखेल, कुपण्डोल र पुल्चोकमा ब्यवस्थित बजार ब्यवस्थापन गर्ने योजना बनाएका छौं ।<br>• ईलाका गोष्ठीको सुचना ७ दिन अगाडी नपाका वडाहरुलाई लिखीत जानकारी गराईएको छ र ईलाका गोष्ठीमा सम्बन्धित वडाका प्रतिनीधीहरु उपस्थित भई गोष्ठी सञ्चालन भएको छ ।<br>• यस आ.व. देखी लक्षित कार्यक्रम सम्बन्धित लक्षित वर्गको आमभेलाबाट प्राथामिकीकरण गरी वडा हुदैं नगरपालीकामा प्रस्तुत भई नगरपरिषद्बाट निति तथा कार्यक्रममा समावेश गरीएकाले लक्षित वर्गको चाहना अनुसार काम हुने जानकारी गराउदछौं । आगामी आ.व. देखी लक्षित वर्गले माग गरेको कार्यक्रम लक्षित वर्गलाई नै सञ्चालन गर्ने निति नपाले लिएको छ |
| • नपाको पत्रकारीता सम्बन्धि ब्यवस्था कस्तो छ र सुचना प्रवाह गर्ने माध्यम कसरी अपनाएको छ ? | • स्थानिय पत्रकारको क्षमता अभिबृद्धि गर्नका निमित्त नपाले पत्रकारीता सम्बन्धि तालिमहरु सञ्चालन गर्दै आईरहेको छ । नपालाई सुचना र पत्रकारीतामैत्री बनाउनको निमीत्त यस नपाले आफ्नो वेभसाईटको सुरुवात गरेको छ । प्रत्येक चौमासीकमा नपाको कार्यप्रगती सहीतको बुलेटीनको साथै प्रगती विवरण नपाको आधीकारीक वेभसाईटमा समेत राख्ने गरेको छ, साथै सुचना प्रवाहको लागी हामीले फेसबुक पेजमा समेत हाम्रा क्रियाकलापहरु राख्ने गरेका छौं । |
| • नक्सापास गर्न कति समय लाग्छ ? | • यदि राष्ट्रिय भवन आचारसंहिता र भुकम्प प्रतिरोधात्मक प्रविधी अपनाईएको र नपाको मापदण्ड पुरा गरी नेपाल सरकारको मान्यता प्राप्त प्राविधीकहरुले तयार गरेको नक्सा आवश्यक प्रक्रिया पुरागरी नक्सापाको सिफारीस लिन आएको छ भने १ दिनमा नक्सापास गर्न सकिन्छ । |

| | |
|---|---|
| ● महिला समुहहरुलाई निरन्तरता दिन के व्यबस्था कदम चाल्नु भएको छ ?<br>● राजकुलोलाई बाटो बनाउनाले सबैतिर इनार,कुवा,पोखरी सुक्यो,यसको व्यवस्था के छ ? | ● नगरक्षेत्रभित्र रहेका ईनार, कुवा र पोखरीको मुहान संरक्षण गर्न नपाले कोषको व्यवस्था गरेको छ । राजकुलोलाई बाटोमा परिणत गरीएको छैन कतै राजकुलोको स्थानमा बाटो निर्माण हुन लागेको छ भने नपालाई जानकारी गराउन हुन हामी अनुरोध गर्दछौं । हजुरहरुको सुचनाको आधारमा स्थलगत अनुगमन गरेपछि यदि राजकुलोमा बाटो बन्न लागेको भए नपा तुरुन्त उक्त निर्माण कार्य रोक्ने छ यहाँहरुलाई हामी जानकारी गराउदछौं की नपाले नगरपालीका सडक गुरुयोजना अनुसार मात्र सडक निर्माणको कार्य गरीरहेको छ । |
| ● फोहोर व्यबस्थापन कसरि? | ● नपाले फोहोर व्यवस्थापनका लागी वातावरण तथा सरसफाई शाखा अन्तर्गत फोहोरमैला व्यवस्थापन गर्दै आईरहेको छ । भदौ, असोज र कार्तीक महिनामा ईन्धनको समस्याले गर्दा फोहोरमैला व्यवस्थापनमा समस्या पर्न गएको हो र हाल उक्त कार्य नियमीत रुपमा हुदैं आईरहेको छ । |
| ● सार्वजनिक स्थानमा शौचालयको व्यवस्था गर्न सकिन्छ की सकिदैन ? | ● सार्वजनिक स्थानमा शौचालयको व्यवस्था गरेको छ तर पर्याप्त मात्रामा छैन यस आ.व.का. बजेटमा नपाले २ वटा घुम्ति शौचालय व्यवस्था गर्ने योजना बनाएको छ । सार्वजनिक स्थलहरुमा क्रमश: शौचालयहरु व्यवस्थापन गर्दै जाने प्रतिवद्धता ब्यक्त गर्दछु । |
| ● पानि सम्बन्धि नीति व्यवस्था के छ ? | ● नपाले खानेपानी सम्बन्धि सामान्य मर्मतसम्भार गर्ने काम र मुहान संरक्षण गर्ने काम मात्रै गर्छ अन्य खानेपानी सम्बन्धि कार्य गर्न केयुकेएल संग समन्वय गर्ने गरेको छ । |
| ● सम्पदा संरक्षण,सम्बन्धित नीतिगन व्यबस्था कस्तो छ?<br>● सबैलाई करको दायरा समान हुनुपर्छ,त्यस्को व्यवस्था के छ ?<br>● भुकम्प पिडिताको घर निर्माण सम्बन्धि के व्यवस्था रहेको छ ? | ● भुकम्पपिडीतलाई तत्काल अस्थाई आवासको निमित्त टेण्ट, खानेपानी, खाद्यान्न, लत्ताकपडामा सहयोग गरेको थियो भने भुकम्पपिडीतका निमित्त घर बनाउनका लागी नपाले दिने प्राविधीक सेवामा ५० प्रतिशत छुट गरेको छ । अन्य सेवा तथा सुविधाको हकमा नेपालसरकारले व्यवस्था गरेअनुसार नपाले सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । |

**कार्यकारी अधिकृत भरतमणी पाण्डेज्युबाट बहिर्गमन अभिमत र नागरीक प्रतिवेदन पत्र मार्फत प्राप्त भएका सुझावहरुलाई सम्बोधन गर्दै गर्नुभएका प्रतिवद्धताहरु :**

**आ.व.** ०७२/७३ को दोश्रो चौमासीकको सार्वजनिक सुनुवाईमा पाल्नुहुने सम्पुर्ण वडाबासी दाजुभाई दिदिबैनी, वडा नागरीक मञ्चका प्रतिनीधी, नागरीक सचेतना केन्द्र, महिला समुह, बाल समुह, स्थानिय संघसंस्था, उपभोक्ता समिति, पत्रकार तथा गैरसरकारी संस्थाका प्रतिनीधीज्युहरु ।

गएका आ.व. हरुमा नपाले सार्वजनिक सुनुवाई नपाकै प्राङ्गणमा सञ्चालन गर्ने गरेको थियो जसले गर्दा न्युन उपस्थिती रहने गरेको विषयलाई ध्यानमा दिएर समुदायप्रति बढिभन्दा बढि उत्तरदायी, जवाफदेही र पारदर्शी हुनको लागी हामीले यस कार्यक्रम नपाको विभिन्न क्षेत्रमा सञ्चालन गर्ने निति अनुसार आज हामी यस वडा नं. १६ को नागबहालमा कार्यक्रम सञ्चालन गर्न गईरहेका छौं । अर्को सार्वजनिक सुनुवाईमा आजको भन्दा बढि जनसहभागीतामा सञ्चालन गर्ने प्रतिवद्दता ब्यक्त गर्दछु । वडा कार्यालयहरुमा लोडसेडिङको समस्याले गर्दा कार्यसम्पादनमा ढिलाइ भएको यथार्थतालाई हृदयागमन गरी नगरपालीकामा बैकल्पिक उर्जा (सौर्यउर्जा) को ब्यवस्था गरी कार्यसम्पादनलाई सहज बनाउनका लागी यस आ.व.मा बैकल्पिक उर्जाको ब्यवस्था गर्ने निती लिएको छ । वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको कम्प्युटर सम्बन्धि ज्ञान र सिप बृद्दि गर्नका लागी तालीमको ब्यवस्था मिलाइएको छ । वडा कार्यालयहरुमा नागरीक वडापत्र तथा साईनवोर्ड, होडीङवोर्ड, च्यातीएको अथवा मेटीएको अवस्थामा रहेको भए ३० दिनभित्र नयाँ राख्न वा मर्मत गर्न सम्बन्धित वडा कार्यालयलाई यसै कायर्साक्रम मार्फत निर्देशन दिन्छु । वडा कार्यालय तथा सामुदायिक स्वास्थ्य केन्द्रहरुमा अनिवार्य रुपमा १० देखी ५ बजेसम्म कार्यालयमा बसी सेवा प्रदान गर्नुहुन सम्बन्धित सबै कर्मचारीलाई अनुरोध गर्दछु यदि सो अनुसार कार्य गरे गराईएको नपाईएमा कानुन बमोजिम कारबाही गरीने छ ।

हाल नमुनाका लागी केही वडाकार्यालयहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण र करसंकलनको कार्य सुरुवात भएको छ, यसलाई क्रमशः ३० वटै वडाहरुमा विस्तार गरी सेवाग्राहीको समस्यालाई समाधान गर्नका निमित्त कर तथा सामाजिक सुरक्षाको भत्ता सम्पुर्ण वडाबाट उपलब्ध गराउने जानकारी गराउँदछु ।

नपा तथा वडा कार्यालयहरुमा आवश्यक जनशक्तिको कमी छ जसले गर्दा कार्यसम्पादनमा ढिला हुन गएको हामीले पनि महसुस गरेका छौं रिक्त रहेका सम्बन्धित पदहरु  पदपुर्ती गर्नका लागी मन्त्रालय संग लिखीत अनुरोध गरीएको जानकारी गराउदछु । तथापी थोरै जनशक्तिले नेपालको सबैभन्दा धेरै जनघनत्व रहेको उपमनपा बाट सिमीत कर्मचारीले सेवा प्रदान गर्दै आउनुभएकोमा धन्यबाद दिन चाहुन्छु

अन्तमाः नपालाई बहिर्गमन अभिमत नागरीक प्रतिवेदन पत्र र यस सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत महत्वपुर्ण सुझाव दिनुहुने सम्पुर्ण नगरवासी तथा सरोकारवाला हरुलाई धन्यबाद दिदैं उक्त सुझावहरु नपाले गर्ने कामको मार्गदर्शनको रुपमा लिएको जानकारी दिँदै उपस्थित सम्पुर्णलाई कार्यक्रममा उपस्थित भई सार्वजनिक सुनुवाईको शोभा बढाईदिनुभएकोमा विशेष आभार प्रकट गर्दै विदा हुन्छु धन्यबाद ।

## कार्यक्रम सञ्चालन ढाँचा

| क्र.सं. | कार्यक्रम | समय |
|---|---|---|
| १ | आसन ग्रहण<br>➢ सभापति - कार्यकारी अधिकृत भरतमणी पाण्डे<br>➢ प्रमुख अतिथि - होमनाथ थपलीया सहायक प्रजिअ<br>➢ अतिथि - विश्वेश्वरप्रसाद कोइराला बरिष्ठ सामाजिक परिचालक अधिकृत जिविस ललितपुर<br>➢ अतिथि - मंगलबजार प्रहरी विट प्रमुख प्रहरी निरिक्षक रेशम बोहरा कार्यालयबाट उपस्थित प्रतिनिधि<br>➢ अतिथि- पत्रकार<br>➢ अतिथि- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल सुधार समिति, बाल क्लब, युवा क्लब, स्थानीय संघ संस्था, गैर सरकारी संस्थाहरुबाट पाल्नु भएका महानुभावहरु यथास्थानमा | १० मिनेट |
| २ | स्वागत मन्तव्य - बाबुराजा महर्जन बरिष्ठ अधिकृत | ५ मिनेट |
| ३ | महाशाखाहरुको चौमासिक प्रतिवेदन<br>सार्वजनिक निमार्ण महाशाखा वरिष्ठ अधिकृत प्रविण श्रेष्ठ<br>सम्पदा संरक्षण तथा संस्कृती केन्द्र -प्रमुख चन्द्रशोभा शाक्य<br>शहरी विकास महाशाखा - महाशाखा प्रमुख हरिशचन्द्र लामीछान)<br>आर्थिक प्रशासन महाशाखा - महाशाखा प्रमुख सूर्य ताम्राकार<br>राजश्व प्रशासन महाशाखा - महाशाखा प्रमुख डिल्लीराज शाक्य<br>नगर प्रहरी बल - प्रमुख कदमलाल महर्जन<br>सामुदायिक शाखा - प्रमुख प्रेम बहादुर थापा<br>स्वास्थ्य शाखा - प्रमुख बिमलकेशरी अमात्य<br>वतावरण तथा सरसफाई शाखा - प्रमुख प्रदिप अमात्य | ३ मिनेट |
| ४ | आचारसंहिता बाचन | ५ मिनेट |
| ५ | नागरिक प्रतिवेदन पत्र(Citizen Report Card) र निर्गम अभिमत(Exit Poll) को प्रतिवेदन प्रस्तुतीकरण | १० मिनेट |
| ६ | सार्वजनिक सुनुवाईका लागी खुल्ला सत्र(फ्लोर ओपन) | ९० मिनेट |
| ७ | सम्बन्धित महाशाखा तथा कार्यालयबाट प्रतिवद्धतासहित मन्तव्य | ३ मिनेट |
| ८ | जिल्ला विकास समितिका तर्फबाट प्रतिबद्धतासहित मन्तव्य - विश्वेश्वरप्रसाद कोईराला | ३ मिनेट |
| ९ | कार्यक्रमको औचित्य माथी प्रकाश र सुझाव सहित मन्तव्य - होमनाथ थपलीया | ५ मिनेट |
| १० | प्रतिवद्धतासहित कार्यकारी अधिकृतबाट कार्यक्रम समापन भएको घोषण | ५ मिनेट |
| ११ | चिया  तथा खाजा वितरण | |

# सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन आचार संहिता

१. शिष्ट एवं विनय भाषा प्रयोग हुनुपर्ने ।

२. कसैलाई पनि व्यक्तिगत आक्षेप लगाउन पाईने छैन ।

३. सबालहरु उठान गर्दा हात उठाएर परिचय सहित  पालैपालो बोल्नु पर्ने छ ।

४. एकपटकमा एकजनाले मात्रै प्रश्न राख्नुपर्ने छ । प्रश्न राख्ने बेलामा अन्यले बोल्न पाइने छैन ।

५. एकपटकमा एउटा मात्रै पश्न राख्न पाइने छ ।

६. मध्यस्थता गर्नेले निष्पक्ष रुपमा मध्यस्थता गर्नु पर्नेछ ।

७. प्राप्त सुझाव, प्रतिक्रिया र टिप्पणीलाई सकारात्मक रुपमा लिनुपर्ने छ ।

८. सेवा प्रवाह निकायको कार्यक्षेत्रभन्दा बाहिरको वियषवस्तुमा सवाल उठान गर्न पाइने छैन ।

९. अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, महिला, आदिवासी, जनजाती, दलित, पिछडिएका लगायत प्राथमिकता र विशेष प्राथमिकताका वर्गमा समावेश समुह वा समुदायका प्रतिनिधिहरुलाई बढी भन्दा बढी सबाल राख्ने अवसर प्रदान गर्नुपर्ने छ ।

१०. कार्यक्रम सञ्चालन भईरहेको समयमा विषयवस्तुमा केन्द्रित भई शान्तसंग बस्नुपर्ने छ ।